
# मदन भण्डारी राजमार्ग आयोजना

## १. आयोजनाको पृष्ठभुमि

- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०२/०६ को निर्णय बमोजिम चुरे तथा भित्रि मधेसका उपत्यकाहरु र सो क्षेत्रभित्र पर्ने खानी स्थलहरुलाई देशका प्रमुख शहरहरुसँग जोड्न झापाको बाहुनडाँगी देखि डडेल्धुराको रुपाल सम्म मदन भण्डारी राजमार्ग शुरूवात भएको हो | महेन्द्र राजमार्गको समानान्तर र उत्तर तर्फ पूर्व-पश्चिम भएर जाने यो राजमार्गलाई बाह्रै महिना प्रयोग गर्न सकिने गरी रेखांकन गरिएको छ।
- यस राजमार्गले कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम गरी देशका छ वटा प्रदेशहरूलाई पूर्व-पश्चिम जोड्दछ भने झापा, इलाम, मोरङ, सुनसरी, उदयपूर, सिन्धुली, मकवानपूर, चितवन, नवलपरासी पूर्व, पाल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान, रोल्पा, सल्यान, सुर्खेत, डोटी, कैलाली र डडेलधुरा गरी १९ वटा जिल्लाहरूलाई जोड्दै ७२ लाख जनसंख्यालाई प्रत्यक्ष/अप्रत्यक्ष सेवा पुर्याउने गरि कार्यान्वयनमा ल्याइएको छ |
- मेची राजमार्ग, कोशी राजमार्ग, सगरमाथा राजमार्ग, बनेपा- बर्दिबास राजमार्ग, त्रिभुवन राजपथ, महेन्द्र राजमार्ग, कालीगण्डकी कोरीडोर, सिद्धार्थ राजमार्ग, राप्ती राजमार्ग, रत्न राजमार्ग, कर्णाली राजमार्ग, कर्णाली कोरिडोर, सेती राजमार्ग लगायत ४० वटा राजमार्गहरू समेटेको छ |

## २. राजमार्गको रेखांकन विवरण र कार्यान्वयन हुने स्थानहरुः




नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०२/०६ र २०७८/०१/१३ को निर्णयानुसार मदन भण्डारी राजमार्गको रेखांकन "बाहुनडाँगी–शान्तिनगर–धरान– चतरा– गाईघाट– कटारी– सिन्धुलीमाडी– हेटौडा– गैंडाकोट– रामपुर– राम्दी– रिडि–तम्घास -सिमलटारी- मच्छी- बागदुला- लिवाङ- घर्तिगाउँ- पातीहाल्ने- बागचौर- सितलपाटि- सल्यान खलङ्गा–बालुवा संग्राही-बोटेचौर- सुर्खेत–बड्डीचौर– कर्णाली- बिपीनगर- बुडर– जोगबुढा–रुपाल" रहेको छ |

## ३. योजना कार्यालयहरुको परिचय र कार्यक्षेत्रहरुः

| योजना कार्यालयको नाम, ठेगाना | सडक खण्डको नाम | कार्यक्षेत्र (जिल्ला) | कार्यक्षेत्र भित्रको कुल लम्बाई (कि.मि.) | योजनाले हेर्ने कुल सडक लम्बाई (कि.मि.) |
|---|---|---|---|---|
| मदन भण्डारी योजना कार्यालय, झापा | बाहुनडाँगी देखी चतरा | झापा, इलाम, मोरङ, सुनसरी | १५० | १२७ |
| गाईघाट दिक्तेल सडक योजना, उदयपुर | चतरा देखी भिमान | उदयपुर, सिन्धुली | १५५ | १३४ |
| सडक डिभिजन मकवानपुर | भिमान देखि हेटौडा | सिन्धुली, मकवानपुर, चितवन, नवलपुर | २८० | ११५ |
| मदन भण्डारी योजना कार्यालय, गुल्मी | रिडी देखि बागदुला | पाल्पा, गुल्मी, प्यूठान | २५३ | ८४ |
| मदन भण्डारी योजना कार्यालय, सुर्खेत | सातदोवाटो देखि रुपाल | रोल्पा, सल्यान, सुर्खेत डोटी, कैलाली, डडेल्धुरा | ५५२ | २८० |
| **जम्मा** | | | **१३९०** | **७४०** |

४. **आयोजनाको अवधि, सुरु र सम्पन्न हुने मितिः**
शुरु आ.ब २०७५/७६,
सम्पन्न हुने आ.व. २०८१/८२ सम्म (संशोधन प्रस्ताव आ. व. २०८४/८५)

५. **आयोजनाको लक्ष्य, कुल लागत अनुमान र प्रमुख क्रियाकलापहरु :**
**आयोजनाको लक्ष्य** : झापाको बाहुनडाँगी देखि डडेल्धुराको रुपाल सम्म पुर्व-पश्चिम राजमार्गको समानान्तर हुने गरी जम्मा १३९० कि.मी. सडक २ लेनमा निर्माण/ स्तरोन्नति गर्ने ।
**आयोजनाको लागत** : ७५ अर्ब (संशोधित)
**प्रमुख क्रियाकलापहरुः** कुल लम्बाई **१३९० कि.मि.** सडक निर्माण तथा स्तरोन्नति मध्ये मदन भण्डारी राजमार्ग आयोजना अन्तर्गत **७४० कि.मी. कालोपत्रे** र **१८५ वटा** पुल निर्माण गर्ने ।

६. **हालसम्मको समस्टिगत प्रगतिः**
**भौतिक प्रगतिः ४५%**
**वित्तीय प्रगतिः ४४% (३३ अर्ब)** मोबिलाइजेसन पेश्की समेत
कुल ७४० कि.मि. मध्ये २८५ कि.मि. सडक कालोपत्रे, १८५ वटा पुल मध्ये १०८ वटा पुल सम्पन्न, १६९ कि.मि. सडक निर्माणाधिन, २८६ कि.मि. सडक खण्डको ठेक्का व्यवस्थापन हुन बाँकी ।

| ब.ऊ.शि.नं | भौतिक | | | वित्तीय | | |
|---|---|---|---|---|---|---|
| ३३७०११०८ | लक्ष्य | प्रगति | प्रतिशत | लागत | खर्च | प्रतिशत |
| सडक कि.मि. | ७४० | २८५ | ३८.५१% | ७५ अर्व | ३३ अर्व | ४४% |
| पुल | १८५ | १०८ | ५८.३८% | | | |

**योजना कार्यालयगत विवरणः**

| योजना कार्यालय | सडक (कि.मि) | | पुल (संख्या) | | कैफियत |
|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | |
| दमक | १२७ | ५ | ५१ | ११ | |
| गाईघाट | १३४ | १३३ | ५८ | ५७ | |

| योजना कार्यालय | सडक (कि.मि) | | पुल (संख्या) | | कैफियत |
|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | |
| हेटौंडा | ११५ | ११४ | ४० | ४० | |
| तम्घास | ८४ | २८ | ४ | ० | |
| सुर्खेत | २८० | ५ | ३२ | ० | |
| जम्मा | ७४० | २८५ | १८५ | १०८ | |

७. आ.ब. २०७९/८० को बार्षिक लक्ष्य र प्रगति (भौतिक/वित्तीय)

| योजना कार्यालय | सडक (कि.मि) | | पुल (संख्या) | | विनियोजन बजेट रु. करोडमा | खर्च रु. करोडमा | प्रगति प्रतिशत (%) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | | | | |
| दमक | ७ | ५ | ८ | ६ | २५४.५ | २५४.४९ | १००.०० | |
| गाईघाट | २ | २ | १ | ३ | ४२.५१ | ४०.९२ | ९६.२८ | |
| हेटौंडा | २ | ३ | १ | ५ | ५९.६३ | ५९.५४ | ९९.८५ | |
| तम्घास | ३ | ० | ० | ० | ५०.७५ | ५०.७५ | १००.०० | |
| दाङ | ३ | ११ | ० | ० | ५ | ३.७५ | ७५.०२ | |
| सुर्खेत | ३ | ५ | ० | ० | ५९.६ | ५९.१४ | ९९.२२ | |
| निर्देशनालय | २००* | १४३* | | | ३६.५१ | ३३.१८ | ९०.८८ | |
| जम्मा | २० | २६ | १० | १४ | ५०८.५९ | ५०१.८२ | ९८.६७ | |

- * ठेक्का व्यबस्थापन

८. आ.ब. २०७९/८० मा सम्पादित मुख्य मुख्य कार्यको विवरण

क) आ.व. ०७९/८० मा NH-09 मा ११५ कि.मी. र NH-19 मा २८ कि.मी. गरी जम्मा १४५ कि.मी. सडकको ठेक्का व्यबस्थापन भएको ।

| सि.नं. | सडकको नाम | लम्बाई (कि.मी.) | कैफियत |
|---|---|---|---|
| १. | सिमलटारी-सौतामारे-मच्छी, गुल्मी/ प्यूठान | ३१.८ | NH-09 |
| २. | सन्धिखर्क-भण्डारा-रतनमारे-गोखुङ्गा, अर्घाखाँची/ प्यूठान | २७.२६ | NH-19 |
| ३. | सहादतस्थल-शान्तिनगर खण्ड, झापा/ इलाम | १७.५३ | NH-09 |
| ४. | रतुवा-कमलखोला, झापा/ इलाम | १२.४५ | NH-09 |
| ५. | झुप्राखोला-बरीपाटि-गंगटे-चिन्गाड खोला लिंक सडक, सुर्खेत | ६.८ | NH-09 |
| ६. | रिडी-भेडुवा खण्ड | २५ | NH-09 |
| ७. | बड्डीचौर-गुटु-कर्णाली, सुर्खेत | २२ | NH-09 |
| | जम्मा | १४३ | |

ख) NH-09 मा १५ कि.मी. र NH-19 मा ११ गरी जम्मा २६ कि.मी. कालोपत्रे सम्पन्न ।

| सि.नं. | सडकको नाम | लम्वाई (कि.मी.) | कैफियत |
|---|---|---|---|
| १. | धरान-केरावारी खण्ड | २.५ | NH-09 |
| २. | केरावारी लेटाङ खण्ड | २.५ | NH-09 |
| ३. | चतरा-भिमान खण्ड, उदयपुर | २ | NH-09 |
| ४. | भिमान-हेटौडा खण्ड, मकवानपुर | ३ | NH-09 |
| ५. | बोटेचौर-भेडाबारी-धुलियाबिट सडक, सुर्खेत | ५ | NH-09 |
| ६. | तुलसीपुर पुरन्धारा बोटेचौर सडक, दाङ | ११ | NH-19 |
| | जम्मा | २६ | |

ग) १४ वटा पुल निर्माण कार्य सम्पन्न ।

| सि.नं. | पुलको नाम | स्पान संख्या | लम्वाई (मिटर) | कैफियत |
|---|---|---|---|---|
| १. | तेली खोला पुल, मोरङ | ६ | ३००.६५ | NH-09 |
| २. | नुसरी खोला पुल, मोरङ | ५ | २४९.५ | NH-09 |
| ३. | डाले खोला पुल, मोरङ | २ | ४०.५ | NH-09 |
| ४. | मुगु खोला पुल, मोरङ | २ | ७५.५२ | NH-09 |
| ५. | खदम खोला पुल, मोरङ | १६ | ४०८.२ | NH-09 |
| ६. | मोरंगी खोला पुल, मोरङ | ४ | १७४.२ | NH-09 |
| ७. | खैरा खोला पुल, उदयपुर | २ | ४५.५ | NH-09 |
| ८. | मौवासी खोला पुल, उदयपुर | २ | ५५.६ | NH-09 |
| ९. | अर्ना खोला पुल, उदयपुर | १ | ३५.१२ | NH-09 |
| १०. | लिपे खोला पुल, सिन्धुली | १ | ३० | NH-09 |
| ११. | भुताहा खोला पुल, सिन्धुली | १ | ३०.४ | NH-09 |
| १२. | पतरंगे खोला पुल, मकवानपुर | १ | २० | NH-09 |
| १३. | भोक्तेनी खोला पुल, मकवानपुर | १ | ३० | NH-09 |
| १४. | चौराहा खोला पुल, मकवानपुर | २ | ७४ | NH-09 |
| | जम्मा | | १५६९.१९ | |

**९. बाकि अबधिमा सम्पन्न गर्नु पर्ने काम/क्रियाकलापहरु**

क) निर्देशनालय अन्तर्गत संचालित ७४० कि.मी. मध्ये बाँकी रहेको २८६ कि.मी. सडकको ठेक्का व्यवस्थापन गरिने ।

- कमल खोला-माई खोला, इलाम (२६ कि.मी.)

- सर्दुखोला-झन्डा चोक, सुनसरी (८ कि.मी.)
- रिडी-तम्घास (भेडुवा-तम्घास खण्ड), गुल्मी (२० कि.मी.)
- सातदोबाटो-लिवांग-घर्तीगाऊं-पातिहाल्ने-बागचौर खण्ड, रोल्पा/ सल्यान (७८ कि.मी.)
- बङ्गीचौर-गुटु-कर्णाली खण्ड, सुर्खेत (५५ कि.मी.)
- कर्णाली-बि.पि. नगर खण्ड, (६२ कि.मी.)
- जोगबुडा-रुपाल खण्ड, (३७ कि.मी.)

ख) मदन भण्डारी राजमार्गको रेखाङ्कनमा पर्ने २ लेन भन्दा साँधुरा तर महत्वपूर्ण सडकलाई राजमार्गको मापदण्डमा ल्याउनुपर्ने ।

- बागचौर- सितलपाटी खण्ड, सल्यान (३१ कि.मी.)
- सितलपाटी- वालुवासंग्राही खण्ड, सल्यान (४० कि.मी.)

ग) निर्देशनालय अन्तर्गत संचालित ७४० कि.मी. मध्ये निर्माणाधीन १६९ कि.मी. सडक तथा ६० वटा पुलहरुको निर्माण सम्पन्न गरिने ।

**१०. आ.ब. २०८०/८१ को बजेट बिनियोजन र लक्ष्यको विवरण ।**

| सि.नं. | योजना कार्यालय | विनियोजित बजेट (रु. करोडमा) | भौतिक लक्ष्य | |
|---|---|---|---|---|
| | | | कालोपत्रे | पुल |
| १ | योजना कार्यालय, झापा | ४९ | १० | ५ |
| २ | गाईघाट दिक्तेल सडक | १० | ० | १ |
| ३ | सडक डिभिजन हेटौडा | ५ | १ | ० |
| ४ | योजना कार्यालय, गुल्मी | ४५ | ५ | १ |
| ५ | सडक डिभिजन दाङ | ५ | ५* | |
| ६ | योजना कार्यालय, सुर्खेत | ९१ | ५ | १ |
| ७ | आयोजना निर्देशनालय | ३० | ठेक्का व्यवस्थापन | |
| जम्मा | | २३५ | २० | ८ |

**आ.व. २०८०/८१ को प्राथमिकताः निम्न उल्लेखित २२९ कि.मी. सडकको ठेक्का व्यबस्थापन गरिने ।**

- सर्दुखोला-झन्डा चोक, सुनसरी (८ कि.मी.)
- रिडी-तम्घास (भेडुवा-तम्घास खण्ड), गुल्मी (२० कि.मी.)
- सातदोबाटो-लिवांग-घर्तीगाऊं-पातिहाल्ने-बागचौर खण्ड, रोल्पा/ सल्यान (७८ कि.मी.)
- बङ्गीचौर-गुटु-कर्णाली खण्ड, सुर्खेत (५५ कि.मी.)
- बागचौर- सितलपाटी खण्ड, सल्यान (३१ कि.मी.)
- सितलपाटी- वालुवासंग्राही खण्ड, सल्यान (४० कि.मी.)

**११. हाल आयोजना कार्यान्वयनमा देखपरेका मुख्य समस्याहरूः**

क) सडक सीमा एकिन नभएको ।

ख) न्यून शुरु बजेट विनियोजन/ बहुबर्षीय सहमति प्राप्त नहुने।

ग) क्षतिपुर्ति/ मुआब्जा सम्बन्धमा ।

घ) रुख कटान तथा जग्गा भोगाधिकारको स्वीकृतीमा जटिलता ।

**१२. समस्या समाधानका लागि गरिएका प्रयासहरुः**

क) रेखांकन विवादमा स्थानीयहरुसंग समन्वय गरेको ।

ख) थप बजेट तथा रकमान्तरको लागि लेखि पठाउने गरिएको ।समयमै बहुवर्षीय ठेक्का सहमति माग गरिएको ।

ग) क्षतिपुर्ति सम्बन्धमा घरको क्षतिपुर्तिका लागि सिफारिस गरेको ।

घ) रुख कटानका लागि वन कार्यालयसंग समन्वय गरेको । वातावरण संरक्षण नियमावलीमा संसोधन गर्नुपर्ने बिषय उठान गर्ने गरिएको ।